नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान काठमाडौं
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
mail22dol@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

## सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०९/०८ गतेको निर्णय र माननीय गृह मन्त्रीस्तरीय मिति २०७८।०९।२६ गतेको निर्णयानुसार कोभिड-१९ को नयाँ भेरिएण्ट ओमिक्रोन (Omicron) को सङ्क्रमण विभिन्न मुलुकहरुमा क्रमिक रुपमा फैलिंदै गइरहेको सन्दर्भमा सोको रोकथामका लागि नेपालमा आवागमन हुने यात्रुहरुको सम्बन्धमा अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमोजिम व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. कोभिड-१९ को नयाँ भेरियण्ट ओमिक्रोन (Omicron) को सङ्क्रमण देखिएका दक्षिण अफ्रिका, बोत्सवाना, जिम्बाब्वे, नामिबिया, लेसोथो, इस्वाटिनी, मोजाम्बिक, मलावी र हङकङबाट नेपाल आउने वा ती मुलुकलाई ट्रान्जिट बनाई नेपाल आउने वा गएको तीन हप्ताभित्र ती मुलुकको भ्रमण गरेका यात्रुहरुलाई मिति २०७८ मंसिर १६ गते राती १२:०० बजेदेखि नेपाल प्रवेश गर्न रोक लगाइएको मिति २०७८/०८/१६ को ट्राभल एडभाइजरीको व्यवस्थालाई यथावत राखिएको छ ।

२. बुँदा नं १ मा जुनसुकै कुरा लेखिएको भएता पनि माथि उल्लिखित नौ वटा देश लगायत संक्रमणका जोखिम भएका अन्य मुलुकहरुबाट नेपाल आउने नेपाली नागरिक र कूटनीतिक वा अफिसियल पासपोर्ट बाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशी नागरिकहरुका सम्बन्धमा निम्नानुसार आगमन अनुमति प्रदान गरिनेछ ।

क. पूर्ण खोप लगाएको १४ दिन पुगेको र बोर्डिङपास जारी हुनुभन्दा ७२ घण्टाभित्रको पीसीआर परीक्षण रिपोर्ट नेगेटिभ भएका नेपाली नागरिक र कूटनीतिक वा अफिसियल पासपोर्ट बाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशी नागरिकलाई कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण नदेखिएको अवस्थामा घरमै १० दिन क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने ।

ख. पूर्ण खोपको मात्र पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका नेपाली नागरिकहरुको नेपाल प्रवेश विन्दुमा एन्टिजेन अनिवार्य परीक्षण गर्दा रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेसनमा पठाउने र परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई घरमै १० दिन क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने ।

ग. खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका कूटनीतिक वा अफिसियल पासपोर्ट बाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशीहरुको नेपाल प्रवेश विन्दुमा एन्टिजेन अनिवार्य परीक्षण गर्दा रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेसन वा सम्बन्धित कूटनीतिक नियोगको जिम्मेवारीमा होम आइसोलेसनमा पठाउने र परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई १० दिन होटेल क्वारेन्टिन वा सम्बन्धित कूटनीतिक नियोगको जिम्मेवारीमा होम क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।

३. माथि उल्लेख भए बाहेक विदेशबाट नेपालमा आगमन हुने अन्य विदेशीको हकमा <u>विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धी आदेश, २०७८</u> का आधारमा यस विभागबाट मिति २०७८ असोज ८ गते जारी भएको सूचना बमोजिम हुनेछ ।

४. नयाँ भेरिएण्टको सङ्क्रमणको जोखिम भएका मुलुकहरुमा नेपालबाट यात्रा गर्न योजना बनाएका व्यक्तिहरुले अति आवश्यक अवस्था बाहेक यात्रा नगर्न अनुरोध गरिन्छ ।

५. हालका लागि कोभिड-१९ को नयाँ ओमिक्रोन भेरियन्टको पहिलो पटकको संक्रमण पहिचान भएका ( माथि नं १ मा उल्लिखित) देशहरुबाट नेपाल आउने वा ति मुलुकहरुमा ट्रान्जिट बनाई नेपाल यात्रा गर्ने नेपाली नागरिक, कूटनीतिक वा अफिसियल राहदानी बाहक आवसीय भिसा प्राप्त यात्रुहरुको हकमा मात्र क्वारेन्टिन तथा आईसोलेसनको व्यवस्था लागु हुनेछ। ओमिक्रोन (Omicron) को सङ्क्रमणको अवस्थाको आधारमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जोखिमयुक्त मुलुकको पहिचान गरी यस विभागलाई प्राप्त हुने जानकारीको आधारमा त्यस्ता मुलुकहरुका सम्बन्धमा पुन: Travel Advisory जारी गरिनेछ ।

२०७८ पौष २८ गते

(प्रकाशचन्द्र अधिकारी)
निर्देशक

Government of Nepal
Ministry of Home Affairs
**Department of Immigration**
Administration Section

Phone : 4429659, 4429660, 4433934, 4438862, 4438868
Fax : 4433935

Kalikasthan, Kathmandu
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
mail22dol@gmail.com

Ref.no. :

## Notice

As per the decision of Goverment of Nepal (Council of Ministers) dated 23th December 2021 and The Ministry of Home Affairs dated on 10th January 2022, The Department of Immigration has decided to issue the travel advisory for the passengers travelling to and from Nepal as follows :

1. The travelers arriving Nepal from the countries; South Africa, Botswana, Zimbabwe, Namibia, Lesotho, Iswatini, Mozambique, Malawi and Hong Kong as first port of embarkation or transits or with a travel history of such countries within past three weeks are still restricted to enter Nepal dated 2nd December 2021 midnight as per the previous travel advisory of this department dated 2nd December 2021.
2. Whatever is written above point number 1, Nepali passport holders, foreign nationals holding Diplomatic passport or Official passport or Residential visa of Nepal travelling from above mentioned nine countries as well as other countries with the risk of Covid-19 are permitted to enter Nepal as follows:
   a. Nepali passport holders and foreign nationals holding diplomatic passport or official passport or residential visa of Nepal with completion of 14 days of full vaccination against COVID-19, and a negative PCR test report obtained within 72 hours before issuing boarding pass are permitted to enter Nepal, and are subject to stay at home quarantine for 10 days.
   b. Nepali nationals without full vaccination against COVID-19 or within 14 days of vaccination are subject to mandatory *Antigen Test* at the entry point. Those with positive report are sent to institutional isolation, while the negative report holders are granted arrival permission with mandatory 10 days home isolation.
   c. Foreign nationals holding diplomatic passport or official passport or residential visa of Nepal without full vaccination against COVID-19 or within 14 days of vaccination are subject to mandatory *Antigen Test* at the entry point. Those with positive report are sent to institutional isolation or allowed for home isolation under the responsibility of the concerned diplomatic mission, while the negative report holders are granted arrival permission with 10 days hotel quarantine or 10 days home quarantine under the responsibility of the concerned diplomatic mission.
3. Except as mentioned above , in the case of other foreigners arriving in Nepal from abroad will be regulated as per the prior notice of the Department of Immigration dated 24th September 2021 published as per the *Travel Management Order for the Travelers Arriving and Departing from Nepal, 2021*.
4. The Department of Immigration urges all the travelers not to visit such countries unless in case of emergency.
5. Quarantine or isolation provision shall be effective only in case of Nepalese citizens, diplomatic, official passport holders and Residential Visa who have to come from countries that have been identified with the first transmission of the new Omicron variant of Covid-19 (mentioned in No. 1 above) or transit through those countries.

**12th January 2022**

**Shekhar Poudyal**
**Director**